अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री बाघदैला चिसापानी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ६ पंचकुले, दाङ

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

चित्र बहादुर डाँगी
अध्यक्ष

### दोस्रो पटक सूचना प्रकाशन मितिः २०८३।०३।०३

श्री बाघदैला चिसापानी सामुदायिक वन उपभोक्ता समूह बबई गाउँपालिका वडा नं. ६ पंचकुले, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार बबई गाउँपालिका वडा नं. ६ सामुदायिक भवन परिसर, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपसिल

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु.) | |
| १ | १, २ | साल | गोलिया | A | ५ | ८७.८६ | १२५० | १०९८२५ | १,०३,२०५।— (प्रति क्यू.फि. १६०) |
| | | | | B | १९ | १५९.६० | ९०० | १४३६४० | |
| | | | | C | ९१ | ३६४.९६ | ६०० | २१८९७६ | |
| | | | | D | १३ | ३२.६१ | ३०० | ९७८३ | |
| | | जम्मा | | | १२८ | ६४५.०३ | | ४८२२२४ | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०३।२३ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
   (क) अन्तिम मितिः २०८३।०३।२४ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको शाईन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड, हापुरे शाखा, दाङमा रहेको खाता नं. ०६३००१००३३९२९००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस बाघदैला चिसापानी सामुदायिक वन उपभोक्ता समूहको बबई गाउँपालिका वडा नं. ६ सामुदायिक भवन परिसर, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री बाघदैला चिसापानी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ६ पंचकुले, दाङ

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०३।२४ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

सातामेट

# मगर समुदायको कला, संस्कृति तथा भेषभूषालाई व्यवसायीकरण गर्दै जान्छौं

असार १ गतेदेखि मगर समुदायको पर्व भुमे मनाउन शुरु भएको छ । भूमिको पूजा गरेर नाच्दै गाउँदै पाँच दिनसम्म मनाउने यो पर्वलाई अहिले ठाउँ-ठाउँमा महोत्सवका रुपमा पनि मनाउन थालिएको छ । भूमिको महत्व र मगर समुदायको संस्कृतिका विषयमा नेपाल मगर संघ दाङका अध्यक्ष **मुक्त बुढा**सँग युगबोधकर्मी **जे.एन.सागर**ले गर्नुभएको कुराकानी यहाँ प्रस्तुत गरिएको छ । *- सम्पादक*

**भुमे किन मनाइन्छ ?**

मगर समुदायमा परम्परादेखि मनाउँदै आएको पर्व हो । खासगरी बाढी, पहिरो नजाओस्, रोग व्याधी नलागोस्, बालीनाली, फसलहरु सप्रियोस् र कुनै पनि मानवीय र प्राकृतिकरुपमा हुने क्षति रोकियोस् भनेर भूमिको पूजा गर्ने पर्व हो । भुमे पूजा गर्दा कतै कुखुराको बलि दिने, कहीं कतै भेडाको साँढा, बोकाको बलि दिएर मनाउने चलन छ ।

**कहाँ-कहाँ मनाइन्छ ?**

रोल्पा, रुकुमका विभिन्न क्षेत्रमा मगर समुदायले मनाउँदै आएको पर्व हो यो । त्यसपछि ती क्षेत्रबाट बसाइ सरी आएपछि दाङको घोराही, तुलसीपुरलगायत जिल्लाका विभिन्न स्थानमा भुमे पर्व मनाउने गरिन्छ । अझ पछिल्लो अवस्थामा त काठमाडौंमा पनि विभिन्न समाजहरुले भुमे मनाउन थाल्नुभएको छ । यसपालि प्रदेश राजधानी राप्ती गाउँपालिकामा पनि पहिलो भुमे महोत्सव भएको छ भने दाङमा पनि विभिन्न समाजहरुले आ-आफ्नो ठाउँहरुमा मनाइरहनुभएको छ ।

**सामुहिकरुपमा मनाइने भुमे टोल-टोलमा विभाजन हुने अवस्था किन आयो त ?**

त्यही भएर नेपाल मगर संघले पहिलेदेखि नै प्रयास गरिरहेको थियो । यसवर्ष समाजका आ-आफ्ना नाच हुँदा हुँदै पनि मगर संघको आयोजनामा मंगलबार घोराहीको सहिद मञ्चमा सामूहिकरुपमा एक दिने भुमे महोत्सव गरिएको छ । धेरै समाजहरु यसपालि सहभागी हुनुभयो । समाजहरुले पनि बुझ्न थाल्नुभएको छ । सामूहिकतामा बल छ भन्ने कुराको ज्ञान सबैलाई छ । आउँदा दिनमा सबै मगरहरुलाई एकै थलोमा जुटाउन मगर संघ लाग्नेछ । त्यसको शुरुवात यसपालिबाट भइसकेको छ ।

**सरकारीस्तरबाटै भुमे महोत्सव आयोजना गर्नका लागि पहल गर्नुभएन ?**

भुमेलाई राष्ट्रिय पर्वको मान्यता दिइसकेपछि यसलाई त्यहीरुपमा मनाउनका लागि सरकारीस्तरबाट आयोजना होस् भन्ने चाहना मगर संघको छ । सरकारहरुले सार्वजनिक विदा दिन थालेका छन् भने अब मगर कला, संस्कृति, भेषभूषा संरक्षणमा पनि लगानी गर्नेछन् भन्ने आशा छ । विशेषगरी स्थानीय सरकारले यस्ता महोत्सव गर्नेछन् । मगरहरुका मौलिक संस्कृति, भेषभूषा, खानालाई देखाएर सरकारहरुले पर्यटकहरु भित्र्याइरहेका छन् भने यसलाई थप व्यवस्थित गर्न पनि सहयोग गर्नेछन् भन्ने आशा छ । संस्थागतरुपमा पनि मगर संघले आगामी दिनमा यसलाई महोत्सवकै रुपमा मनाउन पहल गर्नेछ ।

**मगर भेषभूषा, संस्कृति देखाउनेमात्रै भन्दा पनि यसलाई व्यवसायीकरण किन नगर्नुभएको ?**

यो विषयमा राम्रै छलफल भएको छ । अब देखाउने, नाच्ने मात्रै होइन । यसको व्यवसायीकरण गरेर आर्थिक उपार्जन गर्ने कुरामा प्रयासहरु भएका छन् । दाङमै पनि मगरहरुले प्रयोग गर्ने पुर्ख्यौली बाँसका सामग्रीको निर्माण गरेर बिक्री थालिएको छ।



मुक्त बुढा
नेपाल मगर संघ दाङका अध्यक्ष

अब मगर परिकारहरुको पनि व्यवसायीकरण गर्ने गरी योजना बनाइरहेका छौं ।

**अहिले मगर भेषभूषा, भाषा, संस्कृति पुस्तान्तरण हुन सकेन भन्ने चिन्ता छ । मगर संघले केही पहल गर्दैछ ?**

मगर संघको चासो, चिन्ता छ । त्यही भएर हामीले यस्ता पर्वहरुलाई सामाजिकीकरण गर्ने, पारिवारिक भेटघाट गराउने, यसको महत्व र पूर्खाले गर्दै आएका रीतिथितिबारे बहस, छलफल गर्दै आएका छौं । अहिले पुस्तान्तरण नै भएन भन्ने होइन । नयाँ पुस्तामा आफ्नो कला, संस्कृति, भेषभूषाप्रतिको आकर्षण बढ्दो नै छ । तर विदेशिने नयाँ पुस्तामा यसलाई कसरी बचाइराख्ने भन्ने चुनौती पनि छ । तसर्थ अब मगर कला, संस्कृति, भेषभूषा र भाषालाई लिपिवद्ध गर्ने कामको पनि थालनी गरिएको छ ।

# भित्तेचित्रले बदलिदै नेपालगन्जको रूप

युगबोध समाचारदाता



बाँके, २ असार । नेपालगन्ज उपमहानगरपालिकाले शहरका सरकारी तथा सार्वजनिकस्थलको सुन्दरता बढाउन शुरु गरेको भित्तेचित्र अभियानले सहरको रूप बदलिदै गएको छ ।

धुलो, मैलो र जथाभावी फोहरको चपेटामा परेका कङ्क्रिटका फुस्रा पर्खालमा भित्तेचित्रले सहरको सौन्दर्यमा एउटा नयाँ र उमंगमय रङ थपिदिएको छ । उपमहानगरपालिकाको यस पहललाई 'क्रियटिभ आर्ट' समूहका स्थानीय कलाकारहरूले आफ्नो सिर्जना र पसिनाले मूर्तरूप दिइरहेका छन् । कलाकारहरू गणेश श्रीष, सामर्थ्य थापा, तारा गुरुङ, टेकराज नेपाली, प्रेम विक र मायाराम रैदासलगायतको टोली हिजोआज हातमा ब्रस र रङका बट्टा बोकेर सहरका भित्ताहरूलाई सजाउन व्यस्त हुनुहुन्छ । तिनै कलाकारहरूले कोरेका चित्रहरूमा यस क्षेत्रको विशिष्ट पहिचान, परम्परा, स्थानीय भेषभूषा, ऐतिहासिक सम्पदा र सांस्कृतिक विविधता प्रष्ट रूपमा झल्किएको देख्न सकिन्छ ।

'सहरका मुख्य सार्वजनिक पर्खाल तथा चोकहरूमा हामीले भित्तेचित्र कोरिरहेका छौं'- कलाकार ताराबहादुर गुरुङले उत्साहका साथ भन्नुभयो- 'यो केवल पेन्टिङ मात्र होइन, नेपालगन्जको इतिहास र वर्तमानलाई भित्तामा जीवन्त राख्ने प्रयास हो ।' उपमहानगरपालिकाले शुरु गरेको भित्ते चित्र अभियान शहरको सौन्दर्य, कला र संस्कृतिको जगेर्ना सँगसँगै कलाकारको सम्मान भएको उहाँले बताउनुभयो । यो अभियानबाट कलाकारले आफ्नो कला परिश्रम बेचेर आर्थिक आम्दानी गर्न सकेको उहाँको भनाइ छ ।

यो अभियान केवल शहर सजाउने रहर मात्र नभएर यस क्षेत्रको बृहत्तर विकाससँग जोडिएको योजना हो । खुला र अव्यवस्थित पर्खाललाई व्यवस्थित गर्दै शहरको सौन्दर्य अभिवृद्धि गर्ने र यहाँ आउने आन्तरिक पर्यटकका लागि थप आकर्षण सिर्जना गर्ने नगरको दीर्घकालीन लक्ष्य रहेको नगर प्रमुख प्रशान्त विष्टले बताउनुभयो । 'भित्तेचित्रमा यस क्षेत्रको कला र संस्कृति, विशिष्ट पहिचान, परम्परा र ऐतिहासिक सम्पदा झल्कने आकृतिहरू कोरिनेछन्'- नगर प्रमुख विष्ट भन्नुहुन्छ- 'भित्तेचित्र अभियानले नेपालगञ्जलाई अझ आकर्षक, सुन्दर र पर्यटकीय रूपमा जीवन्त बनाउन ठूलो मद्दत पुर्याउनेछ ।' शहरमा कलाको सुगन्ध फैलिरहँदा मेहनतले बनाइएका पेन्टिङलाई दीर्घकालसम्म जोगाउने चुनौतीसँगै उभिएको छ । सुन्दर चित्रमाथि जथाभावी फोहोर फाल्ने, शौच गर्ने, गुट्खा थुक्ने र केरमेट गर्ने पुरानो सामाजिक कुसंस्कार र प्रवृत्ति अहिले पनि कायमै छ । कलाकारले दिनरात खटेर बनाएका यी कलाकृतिलाई विकृत हुनबाट जोगाउनु अहिलेको सबैभन्दा ठूलो चुनौती बनेको उहाँको भनाइ छ ।

शहरको सुन्दरता त्यहाँको पूर्वाधारले मात्र नभई त्यहाँ बस्ने नागरिकको चेतनाले निर्धारण गर्ने भएकाले नेपालगन्जलाई सुन्दर र सांस्कृतिक पहिचान बोकेको सहरका रूपमा स्थापित गर्न प्रत्येक नगरवासीले भित्तेचित्रलाई आफ्नै सम्पत्ति सम्झिएर अपनत्व ग्रहण गर्नुपर्ने उपमहानगरपालिकाका प्रवक्ता एवं वडा नं १ का वडाध्यक्ष प्रमोद रिजालले बताउनुभयो । जबसम्म नागरिकस्तरमा 'यो मेरो शहर हो र यसलाई सफा राख्नु मेरो कर्तव्य हो' भन्ने सचेतना आउँदैन, तबसम्म जतिसुकै राम्रा रङ भरे पनि शहरको रूप फेरिन नसक्ने भएकाले स्थानीय तह, कलाकार र आमनागरिकको साझा जिम्मेवारीले मात्रै यी भित्तामा कोरिएका सुन्दर सपनालाई लामो समयसम्म सुरक्षित र जीवन्त राख्न सकिने उहाँको भनाइ छ ।

# हाजिरीजवाफ प्रतियोगितामा अमर मावि प्रथम

युगबोध समाचारदाता

तुलसीपुर, २ असार । तुलसीपुर नगर जेसीज वर्ष २०२६ द्वारा आयोजित जेसीज सप्ताहअन्तर्गत चौथो दिनको कार्यक्रमका रुपमा अन्तरविद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

मेरिगोल्ड इङ्लिस बोर्डिङ स्कूलमा आयोजित प्रतियोगितामा तुलसीपुर क्षेत्रमा सञ्चालित निजी तथा सामुदायिक गरी १९ वटा विद्यालयको सहभागिता थियो । प्रतियोगितामा अमर माध्यमिक विद्यालय कालाखोला प्रथम, तुलसी माध्यमिक विद्यालय द्वितीय र हिमाल एकेडेमी तृतीय भएका छन् । विजेता विद्यालयहरुलाई क्रमशः ५ हजार, ३ हजार र २ हजार नगद पुरस्कार साथै मेडल, प्रमाणपत्र र ट्रफी प्रदान गरिएको थियो ।

तुलसीपुर नगर जेसीज वर्ष २०२६ का अध्यक्ष जेसी कमलप्रकाश शर्माको अध्यक्षता तथा तुलसीपुर-७ का वडाध्यक्ष रामबहादुर जिसीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बोल्दै प्रमुख अतिथि जिसीले जेसीजले शिक्षा क्षेत्रको विकास र सामाजिक रुपान्तरणका लागि सञ्चालन गर्दै आएका सिर्जनात्मक कार्यक्रमहरु प्रशंसनीय रहेको उल्लेख गर्दै आगामी दिनमा वडाले पनि जेसीजसँग सहकार्य गरेर समाज रुपान्तरणका अभियान सञ्चालन गर्ने इच्छा व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल जेसीजका राष्ट्रिय उपाध्यक्ष सन्दीप भुसाल, एन-प्याब्सन तुलसीपुरका अध्यक्ष सुमन केसी तथा प्याब्सन लुम्बिनी प्रदेशका निवर्तमान सदस्य बासुदेव रिजाल, तुलसीपुर नगर जेसीजका पूर्वअध्यक्षहरु पूर्णबहादुर डाँगी, मोहन सुनार र केशवराज केसीले बोल्नुभएको थियो । प्रतियोगिताको संयोजन तुलसीपुर नगर जेसीजका सदस्य सोमराज बस्नेतले गर्नुभएको थियो भने कार्यक्रमको सहजीकरण महासचिव झग्गुप्रसाद सापकोटाले गर्नुभएको थियो ।

## दुई बालकलाई बाढीले बगायो

प्युठान, २ असार (युस)- प्युठानमा विद्यालयबाट फर्किरहेका दुई बालकलाई बाढीले बगाएको छ । उक्त घटनामा एक बालकको मृत्यु भएको छ भने अर्को बालक बेपत्ता भएका छन् ।

प्युठानको नौबहिनी गाउँपालिका-५ काँटेमा विद्यालयबाट घर फर्किरहेका स्थानीय यामबहादुर खत्रीका दुई छोरा विमल र मिलनलाई बाढीले बगाएको हो । घटनामा विमलको शव फेला परेको छ भने मिलन बेपत्ता रहेको स्थानीय महेश थापाले जानकारी दिनुभयो । वेपत्ता बालकको खोजी भइरहेको छ । विमल कक्षा १ मा र मिलन कक्षा ३ मा अध्ययनरत थिए । थापाका अनुसार अकस्मात् आएको वर्षापछिको बाढीले दुबैजनालाई बगाएको हो ।

# भिक्टोरियाको सेल प्रोजेक्ट

घोराही, २ असार (युस)- भिक्टोरिया इन्टरनेशनल कलेज घोराहीका विद्यार्थीले थबाङी समाज सेवा समितिको नृत्य स्थल घोराही-१३ बडहरामा सेल प्रोजेक्ट सञ्चालन गरेको छ । त्यस अवसरमा ताजा, मिठो र स्वच्छ खान दिएको बताए ।

उनीहरुका अनुसार पानीपुरी, काँक्रा, नुन खुर्सानीसहित, चटपटे, चिसो पानीलगायत छन् । उनीहरुले स्वादिलो खाना खुशीको बहार नारा दिएका छन् । 'हाइजिनमा बढी फोकस गरेका छौं'- कृतिका केसी सिक्स सेमेष्टरले भन्नुभयो- 'डस्टवीन अलग छन् । हातमा ग्लोब्स लगाएका छौं ।' उनीहरुका अनुसार बढी कमाउने भन्दा पनि अनुभवको लागि हो । हरेकले मासिक दुई सय रुपैयाँ जम्मा गरेर प्रोजेक्ट सञ्चालन गरेको बताए । कमाएको पनि फण्डमा जम्मा हुन्छ । खरिद बिक्री सबै कामको बाँडफाँड गरिन्छ । यसैगरी रितु चौधरीले खरीद सेल्स सबै गरेको बताउनुभयो । आफूले पढेको विषयमा काम गर्दा खुशी लागेको विद्यार्थीले बताए ।

# नौवटा घर खाली गर्ने प्रक्रिया शुरु

तुलसीपुर, २ असार (रासस)- इलाका प्रहरी कार्यालय, तुलसीपुरको जग्गा ओगटेर बसोबास गर्दै आएका यहाँका नौजना स्थानीयले जग्गा खाली गर्न शुरु गरेका छन् ।

इलाका प्रहरी कार्यालय तुलसीपुर र सोही स्थानमा बसोबास गर्दै आएकाबीच यसअघि भएको छलफलपछि उनीहरु आफैंले जग्गा खाली गर्न थालेका हुन् । कार्यालयले १२ जेठमा १५ दिने सूचना जारी गर्दै जग्गा खाली गर्न भनेको थियो । इलाका प्रहरी कार्यालय तुलसीपुरका नाममा श्रेस्ता दर्ता कायम भएको कित्ता नं २६८३ को १८६२.४६ वर्गमिटर जग्गामध्ये उत्तरतर्फको दुई कट्ठा जग्गा र सो जग्गामा निर्माण भएका नौवटा घर खाली गरिएको छ । स्थानीयका सरसामान इलाका प्रहरी कार्यालयले तोकिएकै स्थानमा सुरक्षित साथ पुऱ्याउन थालेको छ ।

उक्त स्थानका दुई सुकुम्वासीको बासस्थानको जिम्मा तुलसीपुर उपमहानगरपालिकाले लिएपछि धमाधम संरचना भत्काउन शुरु गरिएको इलाका प्रहरी कार्यालय, तुलसीपुरका नायव उपरीक्षक होमबहादुर पराजुलीले बताउनुभयो ।

# खाजा खर्च बचत गरेर विद्यालयलाई शैक्षिक सामग्री

युगबोध समाचारदाता

तुलसीपुर, २ असार । तुलसीपुर-५ निवासी समाजसेवी मञ्जित पुनकी छोरी जोयम पुनले खाजा खर्च बचाएर एक विद्यालयलाई टिभीदेखि शैक्षिक सामग्री सहयोग गर्नुभएको छ ।

उहाँले लामो समयसम्म जोगाएर राखेको बचत रकमबाट तुलसीपुर-११ स्थित प्राथमिक विद्यालय प्रिगाउँलाई ३२ इञ्चको एलईडी टिभी, ३६ जना विद्यार्थीलाई कापी, एक अतिविपन्न छात्रालाई विद्यालय पोशाक तथा विभिन्न प्रजातिका बिरुवा सहयोग गर्नुभएको हो । सहयोग सामग्री हस्तान्तरण कार्यक्रममा तुलसीपुर-११ का वडाध्यक्ष मानबहादुर रावत, वडासदस्य प्रभा परियार, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विक्रम चौधरी, प्रधानाध्यापक रमा बस्नेत (योगी), शिक्षक, अभिभावक तथा स्थानीयवासीहरुको उल्लेख्य उपस्थिति थियो ।

कार्यक्रममा बोल्ने वक्ताहरुले बालिकाको यो कार्यलाई केवल सहयोगमा सीमित नभई समाजका लागि प्रेरणाको सन्देश भएको धारणा राखेका थिए । उनीहरुले सानो उमेरमै बचतको महत्व बुझेर शिक्षा र समाजसेवामा समर्पित हुनु प्रशंसनीय र अनुकरणीय कार्य भएको भन्दै प्राप्त सहयोगले विद्यार्थीहरुको अध्ययनलाई सहज बनाउने विश्वास व्यक्त गरेका थिए ।

## जातजातिको....

भएको कार्यक्रममा यस क्षेत्रका विभिन्न समाजका भुमे, पैंसेरी, खन्जरा नृत्यका झाँकीसहित लखन पार्कबाट ऱ्याली शुरु भएको थियो । बजार परिक्रमा गरी सहिद मञ्चमा पुगेर महोत्सवको विधिवत उद्घाटन गरिएको थियो । सो अवसरमा विभिन्न मगर समाजहरुले आफ्ना नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रममा नेपाल मगर संघका केन्द्रीय भाषिक उपाध्यक्ष जीवन प्रवेश रोका मगर, नेपाल मगर संघका पूर्वउपाध्यक्ष दर्जित रोका मगर, नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव सविन प्रियासन, नेपाल मगर संघका सल्लाहकार हरिमान पुन 'बरुण', नेपाली कम्युनिष्ट पार्टीका जिल्ला सहसंयोजक विश्वराज आचार्य, मङ्गोल नेशनल अर्गनाइजेशनका निर्मल थापा मगर, मगर संघका पूर्व अध्यक्ष खड्गबहादुर बुढा मगर, भवन निर्माणमा शुरुदेखि लाग्नुभएका टेकवीर घर्ती मगर, थबाङी सेवा समाजका अध्यक्ष भीमप्रकाश झाँक्री मगरलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममाा स्वागत मन्तव्य जिल्ला उपाध्यक्ष जयप्रकाश बुढा मगरले र सञ्चालन सचिव प्रकाश पुन मगरले गर्नुभएको थियो ।

**भवन उदघाटन**

नेपाल मगर संघको नवनिर्मित भवन उद्घाटन गरिएको छ । घोराही-१८ ढोडेनीमा निर्मित भवनको उद्घाटन पूर्वअर्थमन्त्री वर्षमान पुन 'अनन्त'ले गर्नुभएको हो । 'म अर्थ मन्त्री हुँदा एक करोड बजेट विनियोजन गरेको थिएँ'- पूर्वअर्थमन्त्री पुनले भन्नुभयो- 'आजै मात्र भवन उद्घाटन र हस्तान्तरण भएको छ ।' उहाँले मगर समाजको संस्कृति र भाषाको संरक्षणका लागि निरन्तर लाग्ने बताउनुभयो । भवनले विभिन्न जागरणका कार्यक्रम गर्न सजिलो हुने बताउनुभयो । नेपालमा राजनीतिक जागरण जसरी अघि बढ्यो । त्यसैगरी जातीय जागृतिको कार्यक्रम पनि अगाडि बढ्यो । स्वायत्तता, समावेशिता, धर्मनिरपेक्षता जस्ता मुद्दाहरु अघि बढे । त्यसलाई नेपालको संविधान २०७२ बाट संस्थागत भएको छ । त्यसमा सबै कुरा समेटिएका छैनन् । तर, उत्पीडत जाति समुदाय वर्गले हक अधिकार पाउने व्यवस्था भएको छ । राजनीतिक आन्दोलनसँगै सामाजिक सांस्कृतिक मागहरु अगाडि बढाउनुपर्छ । त्यसका लागि पनि नवनिर्मित भवनले राम्रो सुविधा दिने विश्वास गर्नुभयो । कार्यक्रमको अध्यक्षता नेपाल मगर संघका अध्यक्ष मुक्त बुढा मगरले र सञ्चालन सचिव प्रकाश पुन मगरले गर्नुभएको थियो ।

## व्यावसायिक....

शीलतलपुर कृषि हाट बजारबाटै तरकारी बिक्री हुन्छ । बाँकी तुलसीपुर बजार पुऱ्याउने गरेका छौं तर बजारको समस्या छैन ।' उहाँहरु मात्रै होइन हाल बखरियाका करिब ४५ घर परिवारले ६५ विगाहबढी क्षेत्रमा तरकारी खेती गरिरहेका छन् । पछिल्लो समय तुलसीपुरमा १३ नं. वडाको बखरियालगायत अन्य वडाका विभिन्न गाउँहरुमा सानो परिमाणमा हुने गरेको व्यावसायिक तरकारी खेतीलाई प्रवर्द्धन गर्न स्थानीय सरकारले कृषि विकास शाखामार्फत् विभिन्न कार्यक्रमहरु ल्याएको तुलसीपुर उपमहानगरपालिकाका नगर प्रमुख टीकाराम खड्काले बताउनुभयो ।

'हाम्रो देश कृषिप्रधान देश हो तर हामी निर्वाहमुखी कृषि उत्पादनमै सीमित भएका छौं । यही कुरालाई मध्यनजर गरेर तुलसीपुर उपमहानगरपालिकाले कृषि उत्पादनलाई प्रविधिमैत्री र व्यावसायिक बनाउँदै कृषकहरुको आयआर्जनमा बृद्धि गर्नेतर्फ जोड दिएको छ'- उहाँले भन्नुभयो- 'कृषकहरुलाई प्रशिक्षण, प्रांगारिक मल उत्पादन गर्ने तालिम, विभिन्न शीर्षकमा अनुदान, अनुदानमा कृषि यन्त्रहरु उपलब्ध गराउनुका साथै कृषि हाट बजारका लागि संरचना निर्माण गरेर बाह्य जिल्लाका व्यवसायीहरुसँग जोड्ने काम गरेका छौं ।' आगामी बजेटमा पनि कृषि क्षेत्रलाई विगतभन्दा उच्च प्राथमिकतामा राखिने नगर प्रमुख खड्काले बताउनुभयो ।

## संघीयता....

सफलतापूर्वक अघि बढिरहेको उहाँले बताउनुभयो । प्रदेश सरकारका मन्त्रालयको संख्या १२ बाट ८ मा झारेर प्रशासनिक खर्च नियन्त्रण र कार्यसम्पादनमा सुधार ल्याउनेगरी कामहरु अघि बढेको पनि उहाँले जानकारी दिनुभयो ।

विशेषाधिकार समिति लुम्बिनी प्रदेशसभाका सभापति गिरधारीलाल न्यौपानेले प्रस्तुत गर्नुभएको अवधारणा पत्रमा प्रदेशसभाको गरिमा, स्वतन्त्रता, प्रभावकारिता र उत्तरदायित्वलाई सुदृढ बनाउन विशेषाधिकार समितिको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरिएको थियो । समितिहरूबीच संस्थागत समन्वय अभिवृद्धि गर्ने, संसदीय विशेषाधिकार सम्बन्धी अभ्यासको समीक्षा गर्ने, साझा मापदण्ड विकास गर्ने तथा अन्तरसंसदीय सहकार्य विस्तार गर्ने उद्देश्यका साथ सम्मेलन आयोजना गरिएको जानकारी दिइयो ।

सो अवसरमा सुदूरपश्चिम प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्र सिंह रावलले संघीयता सफल बनाउन प्रदेश संरचनालाई थप बलियो बनाउनुपर्ने बताउनुभयो । लुम्बिनी प्रदेशकी उपसभामुख मेनुका खाँड केसी, संविधानसभा सदस्य खिमलाल देवकोटा, बागमती प्रदेश विशेषाधिकार समितिकी सभापति मायादेवी शर्मा तथा सुदूरपश्चिम प्रदेश विशेषाधिकार समितिका सभापति तुलसी देवकोटालगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।


## घुम्न जाऊँ धारापानी

### कार्यक्रममा उपस्थितिको लागि हार्दिक अनुरोध !

धार्मिक, पुरातात्विक र प्राकृतिक दृष्टिले महत्वपूर्ण तथा विश्वको अग्लो त्रिशुल रहेको मन्दिरको रूपमा प्रसिद्ध घोराही उपमहानगर पालिका वडा नं. ५ धारापानीस्थित पाण्डवेश्वर महादेव मन्दिरमा मिति २०८३ असार ७ गते आयोजना गरिने घुम्न जाऊँ धारापानी कार्यक्रममा सबैलाई उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**सञ्चालन गरिने कार्यक्रमहरू**

१. घोराही क्षेत्रका मुख्य पर्यटकीय स्थलहरूको अवलोकन भ्रमण ।
२. परम्परागत सांस्कृतिक झाँकी तथा नाच प्रदर्शन ।
३. मा.वि. स्तरीय लोकनृत्य प्रदर्शन ।
४. स्थानीय उत्पादन प्रदर्शन, र
५. रैथाने परिकार उत्सव

**कार्यक्रममा सहभागी बनौं, आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।**

| मुख्य आयोजक | सहआयोजक |
| --- | --- |
| लुम्बिनी प्रदेश सरकार | पाण्डवेश्वर महादेव मन्दिर |
| उद्योग पर्यटन तथा यातायात मन्त्रालय | घुम्न जाऊँ धारापानी कार्यक्रम |
| पर्यटन विकास परिषद, बुटवल | व्यवस्थापन समिति, दाङ |

## श्री हापुर माध्यमिक विद्यालय

घोराही उपमहानगरपालिका-१२ हापुर निघुवार, दाङ

### आवश्यकता

शिक्षा विकास तथा समन्वय इकाइ घोराही, दाङको च.नं. २४२६, मिति २०८३ जेठ २६ को अनुमति पत्र र सामाजिक विकास महाशाखा, घोराही उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय घोराही, दाङको च.नं. ६६२, मिति २०८३ जेठ २८ गतेको अनुमतिपत्रानुसार यस विद्यालयलाई अनुदान रकमबाट तलव भत्ता खान पाउने गरी प्रारम्भिक बालविकास सहजकर्ता नियुक्तिका लागि अनुमति प्राप्त भएको हुँदा सो अनुसार तलव भत्ता खान पाउने गरी तपसिल बमोजिमको शर्त र कागजातसहित मिति २०८३ असार १७ गतेसम्म विद्यालय समयमा आवेदन दिनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

**विज्ञापन नं.**: ०२/२०८२/०८३ **प्रथम पटक विज्ञापन मिति**: २०८३/०३/०३
**पद** : प्रारम्भिक बालविकास सहजकर्ता **संख्या**: १ (एक) महिला
**न्यूनतम शैक्षिक योग्यता**: आइ.ए. वा सो सरह उत्तीर्ण
**तलव भत्ता** : नेपाल सरकारले तोके बमोजिम अनुदानमा प्राप्त भए अनुसार
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
**आवेदन दस्तुर** : रु.१०००|- (एक हजार रुपैयाँ मात्र)
**परीक्षाको किसिम**: लिखित र मौखिक
**दरखास्त दिने अन्तिम मिति**: २०८३ साल असार १७ गते (सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट)
**आवश्यक कागजात** : शैक्षिक प्रमाणपत्रका प्रतिलिपी- २, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी- २, चारित्रिक प्रमाणपत्रको प्रतिलिपी- २
माथिल्लो शैक्षिक योग्यता भएको, मन्टेश्वरी तालिम लिएको र अनुभवीलाई विशेष ग्राह्यता दिइनेछ ।
अन्तर्वार्ताको दिन सक्कल प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

**प्रधानाध्यापक**

## श्री बाघदैला चिसापानी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ६ पंचकुले, दाङ

### गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

दोस्रो पटक प्रकाशन मिति २०८३।०३।०३ गते

श्री बाघदैला चिसापानी सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं. ६ पंचकुले, दाङको वनबाट उत्पादन भई बबई गाउँपालिका वडा नं. ६ सामुदायिक भवन परिसर, दाङको घाटगद्दीमा लट बनाई राखिएको साल प्रजातिको गोलिया काठ थान १२८ को ६४५.०३ घ.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ।

**अध्यक्ष**

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
**लमही नगर विकास समिति**
लमही, दाङ

### सूचना ! सूचना !! सूचना !!!

प्रथम पटक प्रकाशित सूचना मिति : २०८३।०३।०३

यस लमही नगर विकास समितिको स्वामित्वमा रहेको चैलाही २ च कि.नं. ९५७ को जग्गा तथा सार्वजनिक बाटोको जग्गामा समेत बिभिन्न व्यक्तिहरु तथा संस्थाले अतिक्रमण गरेकोमा खाली गर्न विभिन्न मितिमा सूचना जारी गरेको र सूचनाको म्यादभित्र पनि खाली नगराएकोले उक्त जग्गाभित्र पर्ने सम्पूर्ण संरचना भत्काई ठाँउ खाली गर्नका लागि ७ दिने सूचना जारी गर्ने र सो समयावधिभित्र पनि नहटाएमा यस समितिले प्रचलित कानुन बमोजिम खाली गर्ने भनी समितिको मिति २०८३।०२।२० गतेको बोर्ड वैठकबाट निर्णय भएकोले अतिक्रमण गरी बसेका सम्पूर्ण व्यक्तिहरु तथा संस्थाहरुले सोही निर्णय बमोजिम यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र संरचना हटाई जग्गा खाली गर्नुहुन सूचित गरिन्छ ।

**सदस्य सचिव**


नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक : ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालय: घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरु: राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com